आ.ब. २०८०/०८१ सम्मको बैठक संख्या
आ.ब.२०८०/०८१ बैठक संख्या २

आज मिति २०८० भदौ १० गते दिउसो ५ :०० बजे फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका **अध्यक्ष श्री पार्वती सुनुवारको** अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी निम्न निर्णय गरियो ।

उपस्थिति :

| सि.नं | नाम र थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पार्वती सुनुवार | अध्यक्ष | [signature] |
| २ | श्री राजु वराल | उपाध्यक्ष | [signature] |
| ३ | श्री होम बहादुर सुनुवार | १ नं वडा अध्यक्ष | |
| ४ | श्री शंकर बहादुर भण्डारी | २ नं वडा अध्यक्ष | |
| ५ | श्री टेक बहादुर रजन मगर | ३ नं वडा अध्यक्ष | [signature] |
| ६ | श्री मोहन मगर | ४ नं वडा अध्यक्ष | [signature] |
| ७ | श्री बैकुण्ठलाल पहाडी | ५ नं वडा अध्यक्ष | [signature] |
| ८ | श्री कुलेन्द्र बहादुर मगर | ६ नं वडा अध्यक्ष | [signature] |
| ९ | श्री लिल वहादुर सुनुवार | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री पूर्णमाया थापा मगर | गाउँकार्यपालिका सदस्य | |
| ११ | श्री टिकामाया विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तारा विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | [signature] |
| १३ | श्री सावित्रा कुमारी थापा मगर | गाउँकार्यपालिका सदस्य | |
| १४ | श्री मंगलादेवी तामाङ्ग | गाउँकार्यपालिका सदस्य | [signature] |

| | | | |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत | [signature] |

| | | | |
|---|---|---|---|
| १ | श्री नारायण प्रसाद अधिकारी | आन्तरिक लेखा परिक्षक | [signature] |

## मिति २०८०।५।१० फिक्कल गाउकार्यपालिका बैठकको छलफलका विषय

१ IEE प्रतिवेदन स्वीकृत तथा ठेक्का लगाउने सम्बन्धमा ।
२ कवाडी कर र फिक्कल भ्यूटावरको ठेक्का विषयमा सम्वन्धमा ।
३ गाउ शिक्षा समितिको वैठक निर्णय अनुमोदन सम्बन्धमा ।
४ जग्गा प्राप्तिको विषय सम्वन्धमा ।
५ लगानी सम्मेलन गर्ने सम्बन्धमा ।
६. भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।
७ आर्थिक सहायता सम्वन्धमा ।
८ कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।
९.. देउकीडाडा स्वास्थ्य केन्द्रको भवन निर्माण सम्वन्धमा ।
१०. हेफर प्रोजेक्टसंगको सम्झौता सम्वन्धमा ।
११. प्रधानमन्त्री रोजगार कार्यक्रम योजना छनौट सम्वन्धमा ।
१२ परियोजना अनुगमन तथा मुल्याङ्क समितिको वैठकवाट सिफारिस भइ आएका निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।

**निर्णय नं १**

नेपालको संघीय सरकारले वातावरण संरक्षण ऐन २०७६ लागु गरेको परिप्रेक्षमा सोही ऐनको दफा ८ मा वातावरणिय अध्ययन प्रतिवेदन स्वीकृत भएपछी मात्र ढुङ्गा बालुवा लगायत दहत्तर बहत्तर संकलन लगायतका आयोजना संचालन गर्न पाइने व्यवस्था भएबमोजिम ढुङ्गा गिट्टी बालुवा संकलन उत्खनन र निकासी अनुमती दिनु पूर्व उल्लेखित प्रस्ताव कार्यान्वयन गर्न प्रस्ताव कार्यान्वयन गर्न प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environmental Examination Report (IEE) तयार पारी स्वीकृति लिनुपर्ने प्रावधान रहेको छ ।
फिक्कल गाउपालिका सिन्धुलीको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि २०७७ को दफा १६ मा प्राविधिक सहयोग लिन सक्ने उल्लेख छ । आयोजना वा कार्यक्रमका लागि गरिने वातावरणीय अध्ययन सम्बन्धी कार्य गाउपालिकाको आन्तरिक जनशक्तिबाट सम्भव नभएको अवस्थामा सम्वन्धित विषय विज्ञहरु वा व्यवसायिक परामर्शदाताको सहयोग लिन सकिने छ उल्लेख छ । यसका लागी व्यवसायिक परामर्शदाता आरम्भ ईन्जिनियरिङ्ग कन्सल्टेन्सी प्रा। लि। कुपन्डोल ललितपुरलाइ सिन्धुली जिल्लाको फिक्कल गाउपालिका भएर बग्ने सुनकोशी नदीको तटीय क्षेत्र तथा नदीमा मिसिने खोला किनारबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन कार्यको लागी प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environmental Examination Report (IEE) तयार गर्न सहयोग लिइएको हो ।
फिक्कल गाउपालिका सिन्धुलीको संक्षिप्त वातावरणिय अध्ययन तथा प्रारम्भिक वातावरणिय परिक्षण कार्यविधि २०७७ को अनुसुची १ मा गाउपालिकाको अधिकार क्षेत्रका संभाव्य प्रस्तावहरुको वातावरणीय अध्ययनको सीमाको मध्यनजर गरी मिति २०८० श्रावण ११ गते संक्षिप्त वातावरणीय अध्ययन प्रतिवेदन तथा प्रारम्भिक वातावरणीय परिक्षण सम्बन्धी कार्यसुची तथा वातावरणीय अध्ययन प्रतिवेदन स्वीकृत गर्नु अघि प्राविधिक पक्षहरूको अध्ययन,विश्लेषण र पुनरावलोकन गरी सिफारिस गर्न गठित प्राविधिक समितिले फिक्कल गाउपालिका सिन्धुलीको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environmental Examination Report (IEE) २०८० लाइ गाउकार्यपालिकाको बैठकबाट स्वीकृतीको लागी सिफारिस

समेत भएकाले सिन्धुली जिल्लाको फिक्कल गाउापालिका भएर बग्ने सुनकोशी नदीको तटीय क्षेत्र तथा नदीमा मिसिने खोला किनारबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन कार्यको लागी तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environmental Examination Report (IEE) २०८० स्वीकृत गर्ने निर्णय गरियो ।

## निर्णय नं १क

सिन्धुली जिल्लाको फिक्कल गाउापालिका भएर बग्ने सुनकोशी नदीको तटीय क्षेत्र तथा नदीमा मिसिने खोला किनारबाट दिगो रुपमा ढुङ्गा गिट्टी तथा बालुवाको संकलन तथा उत्खनन कार्यको लागी तयार गरिएको प्रारम्भिक वातावरणीय परीक्षण प्रतिवेदन Initial Environmental Examination Report (IEE) २०८० स्वीकृत प्रतिवेदन अनुसार हालको लागी ठेक्का रकम तपशिलको अनुसार गर्ने गरी निर्णय गरियो । तर ठेकेदारले उत्खनन परिमाण घाटगद्दी गरी नाप जााच पास गरी मात्र बिक्री गर्न पाइने छ ।

| क स | संकलन तथा उत्खनन गरिने स्थान | ठेगाना | प्रारम्भिक परिक्षण प्रतिवेदनले उत्खनन गर्न मिल्ने आयतन २ बर्ष घन मिटर | स्वीकृत प्रारम्भिक परिक्षण प्रतिवेदनले उत्खनन गर्न मिल्ने आयतन | यस आ व २०८०।८१ घन मिटर | घन फिट | प्रदेशले तोकेको प्रति घन फिट दर | ठेक्का लगाउनु पर्ने मु अ कर बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| १ | चाल्नेखोला बगर | फिक्कल ५ | ४२०७ | २१०४ | ७४२७५ | ३७१३७ | ९ | ३३४२३६ |
| २ | सोखुखोला बगर | फिक्कल ६ | ५९१२५ | २९५६३ | १०४३८५२ | ५२१९२६ | ९ | ४६९७३३३ |
| ३ | बहादुर खोला बगर | फिक्कल ६ | ४०२५ | २०१३ | ७१०६१ | ३५५३१ | ९ | ३१९७७६ |
| | | | | | | | जम्मा (क) | ५३५१३४५ |

| क स | संकलन तथा उत्खनन गरिने स्थान | ठेगाना | प्रारम्भिक परिक्षण प्रतिवेदनले उत्खनन गर्न मिल्ने आयतन २ वर्ष घन मिटर | स्वीकृत प्रारम्भिक परिक्षण प्रतिवेदनले उत्खनन गर्न मिल्ने आयतन | यस आ व २०८०।८१ घन मिटर | घन फिट | प्रदेशले तोकेको प्रति घन फिट दर | ठेक्का लगाउनु पर्ने मु अ कर बाहेक |
|---|---|---|---|---|---|---|---|---|
| १ | बाक्सु खोला दोभान | फिक्कल २ | १०५८७ | ५२९४ | १८६९१३ | ६५४२० | ९ | ५८८७७७ |
| २ | लामासोती बगर | फिक्कल ४ | १५३४५ | ७६७३ | २७०९१६ | ९४८२१ | ९ | ८५३३८५ |
| ३ | साखर दोभान | फिक्कल ३ | ४४५५ | २२२८ | ७८६५३ | २७५२९ | ९ | २४७७५७ |
| | | | | | | | जम्मा (ख) | १६८९९२० |
| | | | | | | | कुल जम्मा (क) र (ख) | ७०४१२६५ |

निर्णय नं २

फिक्कल गाउँपालिका गाउाकार्यपालिकाको कार्यालयले फिक्कल चुचुरोमा निर्माण सम्पन्न भ्यू टावरमा आन्तरिक आय संकलन सम्बन्धी कार्यको प्रस्ताव माग आव्हान सम्बन्धी सम्बन्धी सुचना ७ दिने म्याद सहित यहि मिति २०८० ।०४।२५ मा प्रकाशित भएकोमा उक्त समयावधी भित्र कुनै पनि प्रस्ताव नपरेकाले पुन सात दिन प्रस्ताव प्रस्ताव प्रकाशन गर्ने निर्णय गरियो । प्रस्ताव नपर्नुको कारण कबोल गर्ने न्युनतम रकम रु ७२००० अधिकतम रहेकोमा सो रकमवाट रु ४८००० न्युनतम रकम कायम गर्ने निर्णय गरियो ।

निर्णय नं २क

फिक्कल गाउापालिका गाउाकार्यपालिकाको कार्यालयले आन्तरिक आय संकलन जडिबुटी कबाडी वन्यजन्तु वनस्पती र प्रचलित कानुनले निषेध गरे बाहेकका मृत जीव जन्तुको प्वाख खुर सिङ्ग र छाला निकासी सम्बन्धी कार्यको दरभाउ पत्र माग आव्हान सम्बन्धी सुचना १५ दिने म्याद सहित यहि मिति २०८० ।०४।२२ मा प्रकाशित भएकोमा उक्त समयावधी भित्र कुनै पनि प्रस्ताव नपरेकाले पुन सात दिनको प्रस्ताव प्रकाशन गर्ने निर्णय गरियो । प्रस्ताव नपर्नुको कारण कबोल गर्ने न्युनतम रकम रु ८००००० अधिकतम रहेकोमा सो रकमबाट रु ६००००० न्युनतम रकम कायम गर्ने निर्णय गरियो ।

**निर्णय ३.गाउँ शिक्षा समितिको वैठक निर्णय अनुमोदन सम्बन्धमा ।**

मिति २०८० भाद्र १० गतेका दिन वसेको गाउा शिक्षा समितिको वैठकबाट सिफारिस भइ आएको तपसिलमा उल्लेखित निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

**(क)** माथि छलफल गर्दा शिक्षक कर्मचारी पदपुर्ति समितको मिति २०८०।०४।२६ गतेको सिफारिस अनुसार रिक्त रहेको श्री सुनकोशी मा.वि. खाड्साड्मा उ.मा.वि अनुदान (गणित) विषयमा श्री मनि आलम र श्री मा.वि. महादेवडाडाको रिक्त नि.मा.वि. राहत (गणित) कोटामा थिर वहादुर राईलाई पठाउने निर्णय गरियो ।

**(ख)** माथि छलफल गर्दा फिक्कल गाउापालिका वडा नं ४ मा अवस्थित श्री लोकप्रकाश आधारभुत विद्यालय ठुलिवनमा कार्यरत प्रा.शि.तृतीय स्थायी शिक्षक श्री गंगाराज भोलानलाई घ्याङलेख गाउपालिका वडा नं ३ मा अवस्थित श्री नेत्रकाली मा.वि.तामाजोर जान शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीलाई मिति २०८०।०५।०३ गते सरुवा सहमति प्रदान गरेको निर्णय गरियो ।

**(ग)** माथि छलफल गर्दा श्री जनता प्रा.वि. सिलंङे फिक्कल-६ मा प्रा.वि.दरवन्दीमा कार्यरत शिक्षक श्री सुष्मा लुइटेल (पहाडी)लाई श्री आधारभुत विद्यालय, पिपलभञ्ज्याङ फिक्कल-६ मा प्रा.वि. द्वितीय स्थायी शिक्षक श्री सत्यनारायण चौधरीको अनिवार्य अवकास पछि रिक्त रहेको समान तह र श्रेणीमा दुवै विद्यालयको वि.व्या.स. को सहमति तथा मिति २०८०।०५।१० गतेको शिक्षा समितिको सिफारिस अनुसार कामकाजका लागि खटाउने निर्णय गरियो ।

**(घ)** माथि छलफल गर्दा श्री प्रस्तावित मा.वि. काउलेडाडामा श्री जनता प्रा.वि.आरुवोटमा कार्यरत प्रा.वि.स्थायी भोज वहादुर सुनुवार र श्री कालिका प्रा.वि.खोलागाउमा कार्यरत प्रा.वि.राहत चुणामणी अधिकारीलाई गाउँशिक्षा समितिको सिफारिस अनुसार कामकाजका लागि खटाउने निर्णय गरियो ।

(ङ) माथि छलफल गर्दा माध्यमिक तह कक्षा १२ को परीक्षामा फिक्कल गाउपालिकाबाट उत्कृष्ट जिपिय ल्याउने एक जना छात्रा र एक जना छात्रलाई जनहि रु १०००० **(अक्षरुपी दश हजार मात्र)** का दरले नगद सहित मिति २०८०।०५।०१ गते पुरस्कार वितरण गरिएकोमा उक्त पुरस्कार वापतको खर्च रकम रु **२०००० (अक्षेरुपि विस हजार मात्र)** गाउपालिकाको विविध कार्यक्रम खर्च शीर्षकबाट भुक्तानी दिने निर्णय गरियो

(च) माथि छलफल गर्दा फिक्कल गाउँपालिकामा संञ्चालित प्रारम्भिक वालविकासका लागि पाठ्यक्रममा आधारित पाठ्य पुस्तक तथा Work Book खरिद तथा मा.वि. विद्यालयहरुलाई दृश्यात्मक सफट्वयर खरिद गरि हाललाई श्री फिक्कल मा.वि. सोल्पाठानामा परीक्षणका लागि आवश्यक पर्ने अनुमानित रु.७०००००।- (अक्षरुपी सात लाख मात्र) गाउँपालिकाको लाई प्राप्त सशर्त अनुदान तर्फबाट व्यवस्थापन गर्ने निर्णय गरियो ।

(छ) माथि छलफल गर्दा विस्थापित शिक्षकहरु मध्ये वाट सुस्मा लुइटेल को काज सरुवा भइ रिक्त रहेको जनता प्रा.वि. सिलङ्गेमा गोकर्ण वुढाथोकी र श्री लोक प्रकाश आधारभुत विद्यालय ठुलिवनमा शिक्षा विकास तथा समन्वय इकाई सिन्धुलीको सरुवा सहमति पछि रिक्त हुने दरवन्दीमा दिल वहादुर श्रेष्ठलाई पठाउने निर्णय गरियो ।

**निर्णय (३क) ~~सरुवा सहमति~~ कामकाज खटाउने सम्वन्धमा ।**

फिक्कल गाउँपालिका २ नं वडा पोखरी अन्तर्गत माध्यमिक विद्यालय लुम्तिमा कार्यरत श्री दिपक रम्तेललाई सिद्धकोटी प्रा.वि.चिउरीखानीमा कामकाज गर्न र पटनदेवी प्रा.वि.धमिनीमा दरवन्दीमा कार्यरत प्रा.शि.शिक्षक श्री निर्मला धमलालाई मा.वि.लुम्तिमा कामकाज गर्न खटाउने निर्णय गरियो ।

**निर्णय नं (४) सल्ले वाल सिकाई केन्द्रको भवन निर्माणको लागि आवश्यक जग्गा सम्वन्धमा ।**

सिन्धुली जिल्ला साविक रत्नावती गाउँ विकास समिति वडा नं ९ रत्नावती हाल फिक्कल गाउँपालिका वडा नं ६ को सल्ले वालसिकाई केन्द्रको भवन निर्माणको लागि आवश्यक जग्गा फिक्कल ६ नं वडा रत्नावती निवासी श्री भक्त वहादुर राईले निजको नाममा दर्ता कायम रहेको साविक रत्नावती ९/त्र कि.नं ३० को **७-१५-०-१** जग्गा मध्येबाट **१-०-०-०** क्षेत्रफल जग्गा निःशुल्क उपलब्ध गराउने भनि वडा समितिको निर्णय सहित सम्वन्धि वडाको सिफारिस भै आएकोले उक्त जग्गा यस फिक्कल गाउँपालिका ६ नं वडा रत्नावतीको नाममा हक हस्तान्तरण गरी पूर्जा कायम गरिदिन मालपोत कार्यालय सिन्धुलीलाई सिफारिस गरि पठाउने निर्णय ।

**निर्णय नं (५) लगानी सम्मेलन गर्ने सम्बन्धमा ।**

फिक्कल गाउँपालिकाको समृद्धिका लागि गाउँपालिकावासीहरुको आय स्तरमा वृद्धि हुनु पर्ने र सो कार्यका लागि गाउँपालिकामा विभिन्न सम्भाव्य उद्योग,व्यवसाय,पर्यटन विकास जस्ता क्रियाकलापहरु संचालन हुनु पर्ने हुन्छ । सो कार्यकाको लागि आर्थिक स्रोतको आवश्यकता पर्ने हुन्छ । आर्थिक स्रोत संकलनका लागि सम्भाव्य उद्योग,व्यवसाय,पर्यटन विकास जस्ता कार्यमा लगानी गर्न ईच्छुकहरुको वीचमा समन्वय सहकार्य

गर्न फिक्कल गाउँपालिकाले मिति २०८० असोज २२ गतेका दिन फिक्कल गाउँपालिका ४ खाडसाडवेसीमा इच्छुक लगानीकर्ताहरुलाई लगानी गर्ने वातावरण सृजना गर्न लगानी सम्मेलनको आयोजना गर्ने र सो कार्य संचालनमा सहयोग सहजिकरण र समन्वयका लागि फिक्कल गाउँपालिकामा कार्यरत **श्री नारायण प्रसाद अधिकारी लाई** उक्त कार्यक्रमको सम्पर्क व्यक्ति तोक्ने साथै उक्त कार्यक्रम संचालनको लागि आवश्यक वजेट गाउँपालिकाको चालु शीर्षक तर्फ सेवा परामर्श शिर्षकबाट भुक्तानी दिने निर्णय गरियो ।

**निर्णय नं (६) भगिनी सम्वन्ध कायम गर्ने सम्वन्धमा ।**

नेपालको संविधान २०७२ तथा स्थानीय सरकार संचालन ऐन २०७४ ले दिएको अधिकार प्रयोग गरी फिक्कल गाउँपालिकाको समुन्नत विकासका लागि देश तथा विदेशका स्थानीय तहहरुसंग भगिनी सम्वन्ध कायम गर्न गाउँसभाको १३औ अधिवेशनको चौथो वैठकको निर्णयानुसार अन्तर स्थानीय तह संग भगिनी सम्वन्ध कायम गर्न काठमाडौ जिल्लाको तपसिलमा उल्लेखित स्थानीय तहहरुसंग दुई स्थानीय तहहरु वीचको कार्यक्रम तथा सहयोगको सम्वन्धमा भगिनी सम्वन्ध स्थापना गर्न फिक्कल गाउँपालिका तर्फबाट अनुरोध पत्र पठाउने । अन्तर सरकार समन्वय,सहकार्य,अनुभव आदन प्रदान गर्ने साथै सुनकोशी मध्यपहाडी करिडोर अन्तर स्थानीय तह सहकार्य मञ्च गठन गर्ने निर्णय गरियो ।

**तपसिल :** भगिनी सम्वन्धको लागि

१. भक्तपुर नगरपालिका भक्तपुर ।
२. मध्ये ठिमी नगरपालिका भक्तपुर ।
३. सुर्यविनायक नगरपालिका भक्तपुर ।
४. महालक्ष्मी नगरपालिका ललितपुर ।
५. वनेपा नगरपालिका काभ्रे ।
६. ललितपुर महानगरपालिका,ललितपुर (डिजिटल घरधुरी व्यवस्थापको सिकाई आदन प्रदान)
७ काठमाडौ महानगरपालिका,काठमाडौ (**ECD** कक्षाको डिजिटल वोर्ड र एम्वुलेन्स माग गर्ने)

**निर्णय नं (७) आर्थिक सहायता सम्वन्धमा ।**

फिक्कल गाउँपालिकाका स्थायी वासिन्दाहरुको निवेदन र सम्वन्धित वडा कार्यालयको सिफारिस अनुसार घाईते,वर्षातको कारण घर क्षेती,आगलागी जस्ता विपदमा परेको हुँदा निजहरुलाई उल्लेखित बमोजिमको रकम **उपचार खर्च र आर्थिक सहायता** वापतको रकम विपद व्यवस्थापन कोष शीर्षकबाट उपलब्ध गराउने निर्णय गरियो ।

तपसिल :

| क्र.स. | नाम र थर | ठेगाना | सहयोग रकम | कैफियत |
|---|---|---|---|---|
| १ | श्री पवित्रा वि.क | फिक्कल ३ | १० हजार | पशु चौपायको क्षेती |
| २ | श्री चन्द्रे सार्की | फिक्कल २ | ७ हजार | लडेर घाईते |
| ३ | श्री चन्द्र वहादुर दमाई | फिक्कल २ | १० हजार | वर्षातको कारण गोठमा क्षेती |
| ४ | श्री पदम वहादुर मगर | फिक्कल २ | २५ हजार | घर आगलागी |
| ५ | श्री देव वहादुर मगर | फिक्कल २ | २५ हजार | घर आगलागी |
| ६ | श्री ईन्द्र वहादुर सुनुवार | फिक्कल २ | २५ हजार | घर आगलागी |

**निर्णय नं (८) कार्यविधि स्वीकृत गर्ने सम्वन्धमा ।**

फिक्कल गाउँपालिका भित्र बासोवास गर्ने सवै वर्गका महिलाहरुको जीवनस्तरमा सुधार गर्नका लागि महिलाहरुको क्षमता विकास, सिप विकास तथा आयमूलक तथा रोजगारमूलक कार्यक्रम संचालन गर्न, सवै वर्ग र तहका अति गरिव तथा विपन्न परिवारका महिलाहरुलाई आयमूलक तथा रोजगारमूलक क्षेत्रमा खर्च गर्न तथा गाउँपालिकाले तर्जुमा गर्ने महिला लक्षित नीति तथा कार्यक्रम तर्जुमाका लागि र गाउँपालिकाको सेवा प्रवाहलाई पारदशी, उत्तरदायी र जवाफदेही बनाउन नीति, योजना तथा कार्यक्रमको कार्यान्वयन प्रकृया, प्राप्त उपलब्धि र त्यसले पारेको आर्थिक सामाजिक प्रभावको मूल्याङ्कन गरी नीति, योजना तथा सेवा प्रवाह प्रकृयामा सुधार गर्न, सार्वजनिक कोषको अत्युत्तम परिचालन गरी अपेक्षित उद्देश्य प्राप्तिको सुनिश्चतता गर्न र जनप्रतिनिधि तथा कर्मचारीलाई थप जिम्मेवार बनाई सार्वजनिक जवाफदेहीता अभिबृद्धि गर्न फिक्कल गाँपालिकाको प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०७४ को दफा ४ ले दिएको अधिकार प्रयोग गरी तपसिलमा उल्लेखित कार्यविधिहरु स्वीकृत गर्ने निर्णय गरियो ।

तपसिल :

१. महिला परिषद (संचालन तथा गठन) कार्यविधि २०८०

२. फिक्कल गाउँपालिकाको सार्वजनिक जवाफदेहिता प्रवर्द्धन सम्वन्धी कार्यविधि २०८०

**निर्णय नं (९). देउकीडाडा सामुदायिक स्वास्थ्य केन्द्रको भवन निर्माण सम्वन्धमा ।**

फिक्कल गाउँपालिका ६ नं वडा रत्नावती अन्तरगत देउकीडाँडा सामुदायिक स्वास्थ्य केन्द्रको भवन कुल लागत रु.२९ लागतमा सचेन करुण र गाउँपालिकाको साझेदारीमा निर्माण हुने भवनको लागि ठेक्का प्रक्रिया अगाडी बढी ठेक्का कवोल गर्ने फर्मसंग त्रिपक्षीय सम्झौतागरी सम्झौतामा उल्लेख भएको रकम सम्वन्धित वडाकार्यालयबाट विनियोजन गरेको रकमबाट उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय (१०). हेफर प्रोजेक्टसंगको सम्झौता सम्वन्धमा ।**

साझेदारीमा कृषि तथा पशुपालन उद्यमशीलता विकास कार्यक्रम सञ्चालनका लागि हेफर प्रोजेक्ट नेपाल र फिक्कल गाउँपालिका बीच मिति २०७८/०८/०३ मा भएको फिक्कल गाउँपालिकाको सम्झौतामा मिति २०८१ जेष्ठ १८ गते सम्मको समायावधि रहेकोमा गाउँपालिकाले वार्षिक १ करोड ५० लाख र हेफर प्रोजेक्ट नेपालले त्यसको २५ प्रतिशत रकम थपगरी हेफर प्रोजेक्ट नेपालको साझेदार संस्था सामुहिक सरोकार समाज नेपाल सिन्धुली मार्फत कार्यक्रम संचालन हुदै आएकोमा चालु आ.ब.२०८०/०८१ मा तपसिलमा उल्लेखित शीर्षकबाट उल्लेखित बमोजिमको रकमबाट उक्त कार्यक्रम हेफर प्रोजेक्ट नेपाल मार्फत संचालन हुने कार्यक्रमको निरन्तरता दिदै कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

तपसिल :

१. वितिय समानिकरण तर्फ रु. ५० लाख

२. संघीय सशर्त तर्फ रु.१३ लाख

३. प्रदेश सशर्त तर्फ रु. ४० लाख

**निर्णय नं (११). प्रधानमन्त्री रोजगार कार्यक्रम योजना छनौट सम्बन्धमा ।**

प्रधानमन्त्री रोजगार कार्यक्रम अर्न्तरगत नेपाल सरकार र विश्व बैंक (IDA) को सहयोगमा सन्चालन रोजगारी सिर्जना कार्यक्रम अर्न्तगत स्थानीय निर्देशक समितिको मिति २०८० साल भाद्र महिना १ गतेका दिन बसेको बैठक अनुसार तपशिल अनुसारको कार्य गर्न वेरोजगार सुचिमा रहेका व्यक्तिहरुलाई परिचालन गर्ने निर्णयलाई अनुमोदन गरियो ।

**तपशिल**

| **IDA तर्फको बजेट विनियोजिन** | | | |
|---|---|---|---|
| वडा नं | योजनाको नाम | परिचालित युवा संख्या | रकम रु. |
| वडा नं १ | वडा नं १ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ७ जना | ४४८००० |
| वडा नं २ | वडा नं २ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ६ जना | ३८४००० |
| वडा नं ३ | वडा नं ३ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ६ जना | ३८४००० |
| वडा नं ४ | वडा नं ४ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ७ जना | ४४८००० |
| वडा नं ५ | वडा नं ५ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ७ जना | ४४८००० |
| वडा नं ६ | वडा नं ६ मा निर्माण भएका स्थानीय शाखाबाटो मर्मत | ७ जना | ४४८००० |
| | | **जम्मा** | २५६०००० |

**निर्णय नं (१२) परियोजना अनुगमन तथा मुल्याङ्ग समितिको वैठकवाट सिफारिस भइ आएका निर्णय अनुमोदन गर्ने सम्वन्धमा ।**

मिति २०८० भाद्र १० गते परियोजना कार्यन्वयन,व्यवस्थापन सहोजकरण समिति (PMCC) को वैठकबाट सिफारिस भइ आएको तपसिलमा उल्लेखित निर्णयहरु अनुमोदन गर्ने निर्णय गरियो ।

(क) फिक्कल गाउँपालिकामा हेफर प्रोजक्ट नेपाल र फिक्कल गाउँपालिकाको साझेदारी तथा सामुहिक सरोकार समाज सिन्धुली नेपालको व्यवस्थापनमा सञ्चालित **"साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम"** अन्तर्गत चालु आ.व. २०७९/२०८० मा कृषि र पशुपन्छी विकास तर्फ सञ्चालन भएको क्रियाकलापहरुको प्रगती विवरण प्रस्तुत भए वमोजिम स्विकृत गरियो ।

| सि.नं. | कार्यक्रम/आयोजना/कियाकलापको नाम | उप क्षेत्र | स्रोत | विनियोजित रकम | खर्च रकम |
|---|---|---|---|---|---|
| १ | आ.व. २०७८/७९ मा स्थापना भएको सुन्तालाजात फलफुल बाली पकेट विकास कार्यक्रमको निरन्तरता | कृषि | नेपाल सरकार | ६०००००/- | ६०००००/- |
| २ | आ.व. २०७८/७९ मा स्थापना भएको बाख्रा पकेट विकास कार्यक्रमको | पशुपन्छी विकास | नेपाल सरकार | ७०००००/- | ७०००००/- |
| ३ | कृषि चुन वितरण | कृषि | बगमती प्रदेश | २०००००/- | २०००००/- |
| ४ | प्लाष्टिक टनेल वितरण ५० प्रतिशत अनुदान | कृषि | बगमती प्रदेश | २०००००/- | २०००००/- |
| ५ | आपातकालिन विपदी खरिद (प्रोटिन बेट र कोबरा) | कृषि | बगमती प्रदेश | ३५००००/- | ३५००००/- |
| ६ | मौरी सहित मौरीघार ५० प्रतिशत अनुदानमा वितरण | कृषि | बगमती प्रदेश | २०००००/- | २०००००/- |
| ७ | गाउँपालिका तथा वडामा औषधी खरिद | पशुपन्छी विकास | नेपाल सरकार | ५०००००/- | ५०००००/- |
| ८ | ल्याव (गोबर, पिसाब, रगत तथा स्वाब) परिक्षण प्रयागशाला | पशुपन्छी विकास | नेपाल सरकार | १०००००/- | १०००००/- |
| ९ | डेरि संचालनका लागि ५० प्रतिशत अनुदान २ वटा | पशुपन्छी विकास | नेपाल सरकार | २०००००/- | २०००००/- |
| १० | ईपिडेमियोलोजी रिपोटिङ |  | पशुसेवा विभाग | २००००/- | २००००/- |
| ११ | पशुपंछि रोगको अन्वेषण, नमुना संकलन तथा प्रेषण |  | पशुसेवा विभाग | १००००/- | १००००/- |
| १२ | पशु सेवा विभाग र प्रादेशिक निकायमा पशुपन्छी तथ्यांक तथा पशु सेवाका कार्यक्रमको प्रगती रिपोर्टिं | कृषि | नेपाल सरकार | २००००/- | २००००/- |
| १३ | उन्नत बीउ वितरकलाई प्रोत्साहन अनुदान | कृषि | नेपाल सरकार | १२००००/- | १२००००/- |
| १४ | आ.व. २०७९/८० मा नयाँ सुन्तालाजात फलफुल बाली पकेट विकास कार्यक्रम सञ्चालन | कृषि | नेपाल सरकार | १२०००००/- | १२०००००/- |
| १५ | कृत्रिम गर्भधान मिसन कार्यक्रम | पशुपन्छी विकास | नेपाल सरकार | ३५००००/- | ३५००००/- |
| १६ | कृषि, पशुपन्छी तथा मत्सय तथ्याक अध्यावधिक कार्यक्रम | कृषि | नेपाल सरकार | १०००००/- | १०००००/- |
| १७ | किसान सुचिकरण कार्यक्रम | कृषि | नेपाल सरकार | ३०००००/- | ३०००००/- |
| १८ | खाद्यन्न बालीको उन्नत बीउ उपयोगमा अनुदान | कृषि | नेपाल सरकार | ८५००००/- | ८५००००/- |
| १९ | सुचना प्रकाशन तथा उन्नत बीउ उपयोग अनुगमन निरिक्षण | कृषि | नेपाल सरकार | १५००००/- | १५००००/- |
| २० | कृषि मेला प्रदर्शनी कार्यक्रम | कृषि | बागमती प्रदेश | ३२५०००/- | ३२५०००/- |
| २१ | खोर गोठ सुधार कार्यक्रम | पशुपन्छी विकास | बागमती प्रदेश | ३०००००/- | ३०००००/- |
| २२ | नश्ल सुधारका लागि कृतिम गर्भावस्थामा जोड र कार्यक्रम संचालन | पशुपन्छी विकास | बागमती प्रदेश | १०००००/- | १०००००/- |
| २३ | बिउ बोका खरिद तथा वितरण | पशुपन्छी विकास | बागमती प्रदेश | ५०००००/- | ५०००००/- |

| | | | | | |
|---|---|---|---|---|---|
| २४ | भेटेनरी दिवस मनाउने | पशुपन्छी विकास | वागमती प्रदेश | ५००००/- | ५००००/- |
| २५ | रेबिज रोगबाट बच्न सामुदायिक तथा धरपालुवा कुकुरलाई खोप अभियान | पशुपन्छी विकास | वागमती प्रदेश | १०००००/- | १०००००/- |
| | | | कुल जम्मा | ७५४५०००/- | ७५४५०००/- |

### (ख) आ.व. २०७९/२०८० मा फलफुल विरुवा खरिद तथा वितरण सम्वन्धमा ।

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत फिक्कल गाउँपालिकाको यस आ.व. २०७९/०८० मा नयाँ सुन्तालाजात फलफुल बाली पकेट विकास कार्यक्रम र आ.व. २०७८/७९ मा स्थापना भएको सुन्तालाजात फलफुल बाली पकेट विकास कार्यक्रमको निरन्तरता अन्तर्गत फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा वडाको सिफारिसका आधारमा वडामा साझेदार संस्थाको तर्फबाट खरिद गरि तपशिलमा उल्लेख विवरण बमोजिम विभिन्न जातको फलफुल विरुवाहरु वितरण गरेको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | विरुवाको विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | आँप | ० | २०० | २०० | ३०० | २०० | ३०० | १२०० |
| २ | लिचि | ० | २०० | २०० | १५० | ३५० | ३०० | १२०० |
| ३ | अम्बा | ० | ७५ | ७५ | १०० | १०० | १०० | ४५० |
| ४ | कागती | ४५० | ६०० | ६०० | ६०० | ६०० | ७०० | ३५५० |
| ५ | जुनार | ३०० | ४५० | ४०० | ४०० | ४०० | ४०० | २३५० |
| ६ | सुन्तला | ४०० | ४०० | ३०० | ४०० | ४०० | ३०० | २२०० |
| ७ | एभाकाडो | ० | १०० | ३५० | १०० | १५० | १०० | ८०० |
| ८ | निबुवा | ० | ८० | ८० | ८० | ८० | ८० | ४०० |
| | जम्मा | ११५० | २१०५ | २२०५ | २१३० | २२८० | २२८० | १२१५० |

### (ग) आ.व. २०७९/२०८० मा बिउ पाठी खरिद तथा वितरण सम्वन्धमा ।

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा गठन भएको समुहहरुलाइ जम्मा ९१ वटा बिउ पाठी उपलब्ध गराउने कार्यक्रम अनुसार वडाबाट सिफारिस भई आएका तपसिलका कृषकहरुलाइ उन्नत जातको बिउ पाठी खरिद गरि वितरण गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | कृषकको नाम | वडा नं. | संख्या | क्र.स. | कृषकको नाम | वडा नं. | संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | यम कुमारी मगर | १ | १ | ४७ | शोभा लुङगेली | ४ | १ |
| २ | जानु माया सुनुवार | १ | १ | ४८ | आइमान ठाडा मगर | ४ | १ |
| ३ | रत्न माया मगर | १ | १ | ४९ | सिता पुर्वछाने | ४ | १ |
| ४ | चिनि माया मगर | १ | १ | ५० | संगिता पुर्वछाने | ४ | १ |
| ५ | सावित्रा मगर | १ | १ | ५१ | कोपिला डोटेल | ४ | १ |
| ६ | विन्दा खत्री | १ | १ | ५२ | संगिता डोटेल | ४ | १ |
| ७ | भिम कुमारी खडका | १ | १ | ५३ | चेत कुमारी मगर | ४ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ८ | फगी माया सुनुवार | १ | १ | ५४ | पिक माया पुर्वछाने | ४ | १ |
| ९ | सुनिता खत्री | १ | १ | ५५ | सनिमाया दमाई | ४ | १ |
| १० | लिला माया सुनुवार | १ | १ | ५६ | सर्मिला भुजेल | ४ | १ |
| ११ | राम कुमारी तामाङ | १ | १ | ५७ | रमा लुङगेली | ४ | १ |
| १२ | सविता पर्साई | १ | १ | ५८ | अम्बिका बलम्पाकी | ४ | १ |
| १३ | मैया तामाङ | १ | १ | ५९ | सरिता पुर्वछाने | ४ | १ |
| १४ | मनसरी तामाङ | १ | १ | ६० | इन्दिरा भुजेल | ४ | १ |
| १५ | इन्द्र कुमारी तामाङ | १ | १ | ६१ | टोम कुमारी नेपाली | ५ | १ |
| १६ | नरमाया सार्की | २ | १ | ६२ | बुधमाया आले मगर | ५ | १ |
| १७ | मैया माया सार्की | २ | १ | ६३ | धना मगर | ५ | १ |
| १८ | जानुका मिश्रा | २ | १ | ६४ | भद्रा भट्राई | ५ | १ |
| १९ | दुर्गा माया मग्राती | २ | १ | ६५ | विभामाया मगर | ५ | १ |
| २० | मंगलीमाया सार्की | २ | १ | ६६ | डोल कुमारी मगर | ५ | १ |
| २१ | विमला सार्की | २ | १ | ६७ | मनमाया क्यापछाकी मगर | ५ | १ |
| २२ | केशरी माया सार्की | २ | १ | ६८ | नेत्र माया मगर | ५ | १ |
| २३ | हिरा रम्तेल | २ | १ | ६९ | माधवी थापा मगर | ५ | १ |
| २४ | पवि माया सार्की | २ | १ | ७० | नैन माया राना मगर | ५ | १ |
| २५ | शेर कुमारी सुनुवार | २ | १ | ७१ | सविता श्रेष्ठ | ५ | १ |
| २६ | हस्त माया सुनुवार | २ | १ | ७२ | दिपा मैया श्रेष्ठ | ५ | १ |
| २७ | दिवा बस्नेत | २ | १ | ७३ | निर्माला श्रेष्ठ | ५ | १ |
| २८ | शोभा सेन्चुरी | २ | १ | ७४ | अन्जना श्रेष्ठ | ५ | १ |
| २९ | कल्पना श्रेष्ठ | २ | १ | ७५ | पुर्णमाया श्रेष्ठ | ५ | १ |
| ३० | कुन्ता थापा मगर | २ | १ | ७६ | राजकुमारी तामाङ | ६ | १ |
| ३१ | मुना कुमारी सार्की | ३ | १ | ७७ | रत्नमाया तामाङ | ६ | १ |
| ३२ | मान कुमारी सार्की | ३ | १ | ७८ | पाल कुमारी तामाङ | ६ | १ |
| ३३ | गँगा माया सार्की | ३ | १ | ७९ | सितामाया तामाङ | ६ | १ |
| ३४ | चन्द्र माया बयलकोटी | ३ | १ | ८० | कल्पना तामाङ | ६ | १ |
| ३५ | हिरा माया सार्की | ३ | १ | ८१ | विष्णु माया तामाङ | ६ | १ |
| ३६ | इन्द्र कुमारी सार्की | ३ | १ | ८२ | टेक माया घर्ती | ६ | १ |
| ३७ | सर्मिला श्रेष्ठ | ३ | १ | ८३ | कृष्ण माया तामाङ | ६ | १ |
| ३८ | लिला श्रेष्ठ | ३ | १ | ८४ | जानुका वि.क. | ६ | १ |
| ३९ | पम्फा श्रेष्ठ | ३ | १ | ८५ | पुर्ण ब. मगर | ६ | १ |
| ४० | मिश्रा माया श्रेष्ठ | ३ | १ | ८६ | जित ब. सुनुवार | ६ | १ |
| ४१ | तिलामाया श्रेष्ठ | ३ | १ | ८७ | कालीमाया तामाङ | ६ | १ |
| ४२ | खेसा माया श्रेष्ठ | ३ | १ | ८८ | खड्की माया नेपाली | ६ | १ |
| ४३ | विष्णु माया श्रेष्ठ | ३ | १ | ८९ | किस्तु कुमारी राई | ६ | १ |
| ४४ | निर्मला कार्की | ३ | १ | ९० | बिन्दा माया राई | ६ | १ |
| ४५ | दिल कुमारी थापा | ३ | १ | ९१ | खिलु माया तामाङ | ६ | १ |
| ४६ | देविका दर्लामी मगर | ४ | १ | | | जम्मा | ९१ |

(घ) आ.व. २०७९/२०८० मा ब्याड् बोका खरिद तथा वितरण सम्बन्धमा ।

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा गठन भएको समुह हरुलाई नश्ल सुधारका लागि ब्याडे बोका उपलब्ध गराउने कार्यक्रम अनुसार वडाबाट सिफारिस भई आएका तपसिलका कृषकहरुलाइ उन्नत जातको जम्मा १५ वटा ब्याडे बोका खरिद गरी वितरण गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | कृषकको नाम | वडा नं. | संख्या | क्र.स. | कृषकको नाम | वडा नं. | संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | अप्सरा नेपाली | १ | १ | ९ | दुर्गा थापा मगर | ४ | १ |
| २ | बिन्दा कुमारी घिसिंङ | १ | १ | १० | कल्पना बास्तोला | ४ | १ |
| ३ | नन्द माया सार्की | २ | १ | ११ | विष्णु कुमारी मगर | ५ | १ |
| ४ | पुर्ण माया सुनुवार | २ | १ | १२ | मिश्रा खड्का | ५ | १ |
| ५ | कमला कटुवाल | ३ | १ | १३ | विनिता मगर | ६ | १ |
| ६ | दुर्गा देवि खत्री | ३ | १ | १४ | जित ब. वि.क. | ६ | १ |
| ७ | राधिका मग्राति | ३ | १ | १५ | उजुर ब. खडका | ६ | १ |
| ८ | दिपक रजन मगर | ३ | १ | | | जम्मा | १५ |

(ङ) आ.व. २०७९/२०८० मा खोर तथा गोठ निर्माण सहयोग रकम वितरण सम्बन्धमा ।

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा गठन भएको समुहहरुलाइ व्यवस्थित पशु पालनका लागि खोर तथा गोठ निमार्ण/मर्मत अनुदान कार्यक्रम अनुसार वडाबाट सिफारिस भई आएका तपसिलका २८ जना कृषकहरुलाई खोर निमार्ण/मर्मत अनुदान र २ जना कृषकहरुलाइ गोठ निमार्ण पश्चात प्राविधिक सिफारिसका आधारमा साझेदार संस्था मार्फत प्रति व्यक्ति अनुदान रकम रु.१०,०००। (दस हजार मात्र) उपलब्ध गराएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क्र.स. | व्यक्तिको नाम | वडा नं. | खोर संख्या | क्र.स. | व्यक्तिको नाम | वडा नं. | खोर संख्या |
|---|---|---|---|---|---|---|---|
| १ | रुपा सुनुवार | १ | १ | १६ | कुमारी बलमपाकी मगर | ४ | १ |
| २ | राधिका कुँवर | १ | १ | १७ | फुन्टी माया मगर | ४ | १ |
| ३ | कुम्भ कुमारी बुढाक्षेत्री | १ | १ | १८ | परिना तामाङ | ५ | १ |
| ४ | दिल कुमारी सुनुवार | १ | १ | १९ | भद्रा माया थापा मगर | ५ | १ |
| ५ | मनमाया सुनुवार | १ | १ | २० | प्रेम कुमारी सुनुवार | ५ | १ |
| ६ | अन्जना सुनुवार | १ | १ | २१ | ललिमाया श्रेष्ठ | ५ | १ |
| ७ | दिल कुमारी थापा मगर | ३ | १ | २२ | लिला कुमारी पहाडी | ५ | १ |
| ८ | यम माया थापा मगर | ३ | १ | २३ | पवित्रा भुजेल | ५ | १ |
| ९ | कल्पना खत्री | ३ | १ | २४ | पवित्रा तामाङ | ६ | १ |
| १० | दुर्गा कुमारी कटुवाल | ३ | १ | २५ | सिता माया कार्की | ६ | १ |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| ११ | गगाँमाया गुर्मछाने | ३ | १ | २६ | श्याम कुमारी घर्ती | ६ | १ |
| १२ | गगाँ कुमारी डोटेल | ३ | १ | २७ | फुलमाया तामाङ | ६ | १ |
| १३ | धन कुमारी पहाडी | ४ | १ | २८ | नन्दलाल वि.क. | ६ | १ |
| १४ | मैना मगर | ४ | १ | | | जम्मा | २८ |
| १५ | दुर्गा मगर | ४ | १ | | | | |
| क.स. | व्यक्तिको नाम | वडा नं. | गोठ संख्या | क.स. | व्यक्तिको नाम | वडा नं. | गोठ संख्या |
| १ | इन्द्र प्रसाद पहाडी | ४ | १ | २ | उद्धव बराल | ५ | १ |

(च) **आ.व. २०७९/२०८० मा हिउँदे तथा बहुवर्षे घाँसको बेर्ना खरिद तथा वितरण सम्बन्धमा ।**

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा गठन भएको समुहको सदस्यहरुलाई र समुदायको कृषकहरुलाई घाँसमा आधारित पशुपालन प्रवर्द्धनका लागि तपसिलमा उल्लेखित हिउँदे तथा बहुवर्षे घाँसको बेर्नाहरु खरिद गरी वितरण गरिएको कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

| क.स. | बेर्नाको विवरण | वडा नं. १ | वडा नं. २ | वडा नं. ३ | वडा नं. ४ | वडा नं. ५ | वडा नं. ६ | जम्मा |
|---|---|---|---|---|---|---|---|---|
| १ | बडर | ४० | ५० | ६० | ४० | ६० | ५० | ३०० |
| २ | किम्बु | ० | ३०० | ३०० | ५०० | ४०० | ५०० | २००० |
| ३ | टाँकी | ० | २० | २० | २० | २० | २० | १०० |
| | जम्मा | ४० | ३७० | ३८० | ५६० | ४८० | ५७० | २४०० |

(छ) **आ.व. २०७८/०७९ र २०७९/०८० मा कृषि तथा पशुपन्छी विकास तर्फ भएको क्रियाकलापहरुको तथ्याङ्क अध्यावधिक, सम्पादन तथा प्रकासन गर्ने सम्बन्धमा ।**

आ.व. २०७९/०८० का लागि कृषि तथा पशुपन्छी विकास तर्फ स्वीकृत "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत कृषि विकास रणनीति अनुगमन तथा समन्वय कार्यक्रम कृषि पशुपन्छी तथा मत्सय तथ्याङ्क अध्यावधिक कार्यक्रम अन्तर्गत आ.व. २०७८/०७९ देखि २०७९/०८० मा फिक्कल गाउँपालिका, सिन्धुलीमा "साझेदारीमा कृषि तथा पशुपालन उद्यमशिलता विकास कार्यक्रम" अन्तर्गत सञ्चालित गतिविधिहरु सहितको तथ्याङ्क संकलन, सम्पादन गरी कृषि तथा पशु पंक्षि विकास कार्यक्रमको बार्षिक प्रगती प्रतिवेदन प्रकाशन गर्ने कार्यलाई अनुमोदन गर्ने निर्णय गरियो ।

(ज) **आ.व. २०७९/२०८० मा खोरेत तथा लम्पी स्किन संक्रमण रोकथाम र उपचारका लागि औषधी खरिद तथा वितरण सम्बन्धमा ।**

लम्पी स्किन रोग र खोरेत रोग यस फिक्कल गाउँपालिकामा ब्यापक रुपमा पशुमा फैलिएको र सो को नियन्त्रण र उपचारको लागि पशु प्राविधिकहरु परिचालन भई अवस्था बारेमा जनाकारी लिने र रोगको उपचार, पशुपंछि रोगको अन्वेषण, नमुना संकलन तथा प्रेषण गर्ने र संक्रमण रोकथामका लागि औषधि खरिद व्यवस्थापन गरि प्राथामिक उपचारमा सहयोग गर्नको लागि संस्था र पशु प्राविधिकहरु परिचालन गर्ने वापतको खर्च पेश गरे बमोजिम अनुमोदन गर्ने निर्णय गरियो ।

(झ) आ.व. २०८०/२०८१ मा साझेदारी परियोजना मार्फत गरिने क्रियाकलापहरुको अनुमोदन सम्बन्धमा ।

चालु आ.व. २०८०/०८१ का लागि कृषि तथा पशुपन्छी विकास तर्फ फिक्कल गाउँपालिकाबाट स्वीकृत निति तथा कार्यक्रमहरु र सशर्त तर्फको कार्यक्रमहरुको विस्तृत कार्यक्रम कार्यान्वयन योजना (DIP) निर्माण गरि फिक्कल गाउँपालिकाबाट स्वीकृत गराई साझेदारी परियोजनाद्वारा फिक्कल गाउँपालिकाको ६ वटै वडाहरुमा संञ्चालन गर्ने निर्णय गरियो ।

pg-14

END

निर्णय नं (४क) फिक्कल सव-डिभिजन वन कार्यालयको भवन निर्माणको लागि आवश्यक जग्गा सम्वन्धमा ।

सिन्धुली जिल्ला साविक खाङसाङ गाउँ विकास समिति वडा नं ४ खाङसाङ हाल फिक्कल गाउँपालिका वडा नं ४ मा फिक्कल सव-डिभिजन वन कार्यालय खाङसाङको कार्यालय भवन निर्माणको लागि आवश्यक जग्गा फिक्कल ४ नं वडा खाङसाङ निवासी श्री नन्द कुमारी पहाडी र श्री दामोदर पहाडीले निजहरुको नाममा दर्ता कायम रहेको क्रमशः साविक खाङसाङ ९/ङ कि.नं १४० को १-३-२-२ जग्गा मध्येबाट ०-१०-५-० र साविक खाङसाङ ९/ङ कि.नं १४१ को ०-१०-३-१ जग्गा मध्येबाट ०-५-५-० क्षेत्रफल गरी जम्मा १ रोपनी जग्गा निःशुल्क उपलब्ध गराउने भनि वडा समितिको निर्णय सहित सम्वन्धि वडाको सिफारिस भै आएकोले उक्त जग्गा फिक्कल सव-डिभिजन वन कार्यालयको नाममा हक हस्तान्तरण गरी पूर्जा कायम गरिदिन मालपोत कार्यालय सिन्धुलीलाई सिफारिस गरि पठाउने निर्णय ।

आ.ब. २०८०/०८१ सम्मको बैठक संख्या
आ.ब.२०८०/०८१ बैठक संख्या ३

आज मिति २०८० भदौ २९ गते दिउसो २ :०० बजे फिक्कल गाउँपालिका गाउँकार्यपालिकाको बैठक गाउँपालिका अध्यक्ष **श्री पार्वती सुनुवारको** अध्यक्षतामा तपसिलको उपस्थितिमा वसी निम्न निर्णय गरियो ।

उपस्थिति :

| सि.नं | नाम र थर | पद | हस्ताक्षर |
|---|---|---|---|
| १ | श्री पार्वती सुनुवार | अध्यक्ष | पार्वती सुनुवार |
| २ | श्री राजु वराल | उपाध्यक्ष | |
| ३ | श्री होम बहादुर सुनुवार | १ नं वडा अध्यक्ष | |
| ४ | श्री शंकर बहादुर भण्डारी | २ नं वडा अध्यक्ष | |
| ५ | श्री टेक बहादुर रजन मगर | ३ नं वडा अध्यक्ष | |
| ६ | श्री मोहन मगर | ४ नं वडा अध्यक्ष | |
| ७ | श्री बैकुण्ठलाल पहाडी | ५ नं वडा अध्यक्ष | |
| ८ | श्री कुलेन्द्र बहादुर मगर | ६ नं वडा अध्यक्ष | |
| ९ | श्री लिल बहादुर सुनुवार | गाउँकार्यपालिका सदस्य | |
| १० | श्री पूर्णमाया थापा मगर | गाउँकार्यपालिका सदस्य | पूर्णमाया |
| ११ | श्री टिकामाया विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | |
| १२ | श्री तारा विश्वकर्मा | गाउँकार्यपालिका सदस्य | |
| १३ | श्री सावित्रा कुमारी थापा मगर | गाउँकार्यपालिका सदस्य | सावित्रा |
| १४ | श्री मंगलादेवी तामाङ्ग | गाउँकार्यपालिका सदस्य | मंगला |

| | | | |
|---|---|---|---|
| १ | श्री राजेन्द्र कार्की | प्रमुख प्रशासकीय अधिकृत | |

| | | | |
|---|---|---|---|
| १ | श्री नारायण प्रसाद अधिकारी | सहायक स्तर पाँचौ | |

**निर्णय नं (१) शोक प्रस्ताव सम्वन्धमा ।**

संविधान सभा अध्यक्ष एवं हाल प्रतिनिधि सभा सदस्य माननीय सुवासचन्द्र नेम्वाङको मिति २०८० भाद्र २६ गते मंगलबारका दिन हृदयघातका कारण असामयिक निधन भएकोले हामी मर्माहत् भएकाछौं । यस दुःखद् घडीमा दिवंगत आत्माको चिरशान्तिको कामना गर्दै उहाँ प्रति हार्दिक श्रद्धाञ्जली ब्यक्त गर्दछौं । साथै शोक सन्तप्त परिवार प्रति समवेदना व्यक्त गर्दै आजको बैठकमा शोक प्रस्ताब पास पारित गरियो ।